का.जि.प्र.का.द.नं. १००/०५९/६०

२३ साउन २०७९,
सोमबार
8 August 2022,
Monday

मूल्य रु. ५/-

# मध्यान्ह


राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २०, अंक १८४ । पृष्ठ १६ | Madhyanha National Daily | www.madhyanhadaily.com

एकीकृत समाजवादी

# नबन्दै भत्कने डर !



कम्युनिष्ट आन्दोलनको मूल धार बन्ने दावीसहित गएको वर्ष बनेको नेकपा एकीकृत समाजवादीको संरचना पूरा नहुँदै विभाजनको खतरा बढेको छ । राष्ट्रिय राजनीतिक विषय, पार्टी जिम्मेवारीदेखि लाभको पदमा समेत पार्टीभित्र एकमत छैन ।

**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, २२ साउन ।

नेकपा एकीकृत समाजवादीका सचिव रामकुमारी झाँक्रीविरुद्ध पार्टी पंक्ति नै खनिएको छ । पूर्वमन्त्री झाँक्रीको अभिव्यक्तिलाई लिएर पार्टीका नेता तथा कार्यकर्ताले उनको विरोध जनाइरहेका छन् । झाँक्रीले अध्यक्ष माधवकुमार नेपालको विरोध जनाएको भन्दै उनको विरोध भइरहेको हो ।

गृहजिल्ला रौतहट पुगेका अध्यक्ष नेपालले हचुवाको भरमा परियोजना उद्घाटन गरेको अभिव्यक्ति झाँक्रीले दिएकी थिइन् । लगत्तै सहरी विकास मन्त्रालयबाटै खण्डन गर्दै उक्त आयोजना रहेको जनाएको छ । त्यही पत्र र झाँक्रीको अभिव्यक्तिलाई सामाजिक सञ्जालमा राखेर एकीकृत समाजवादीका कार्यकर्ताहरुले प्रचार गरिरहेका छन् ।

अध्यक्ष नेपाल र सचिव झाँक्रीबीच केही समय यता सम्बन्ध चिसिएको छ । स्थानीय चुनाव लगत्तै मन्त्रिपरिषद् पुनर्गठनको निर्णय भएपछि झाँक्री पार्टी नेतृत्वप्रति असन्तुष्ट बनेकी छन् । पार्टीले पूर्व जानकारी नै नदिइ मन्त्रिपरिषद् पुनर्गठनको निर्णय गरेको आरोप झाँक्रीले लगाएकी छन् । एकीकृत समाजवादीले पार्टीको पूर्व निर्णय भन्दै मन्त्रीहरु फिर्ता बोलाएर नयाँ मन्त्रीको नाम प्रधानमन्त्री झलनाथ खनाललाई बुझाएको थियो ।

त्यसमा मन्त्रीबाट फिर्ता बोलाइएकाहरुले चर्को असन्तुष्टि जनाएका थिए । उनीहरुको असन्तुष्टिकै कारण एक महिनासम्म एकीकृत समाजवादीको निर्णय कार्यान्वयन भएन । अन्ततः एकीकृत समाजवादीको निर्णय कार्यान्वयन भयो । रामकुमारीसहित विरोध खतिवडा, किसान श्रेष्ठ र प्रेम आले सरकारबाट फिर्ता भए । स्वास्थ्य राज्यमन्त्री भवानी खापुङको भने बढुवा भयो ।

उनी नै स्वास्थ्यमन्त्री भए । जीवनराम श्रेष्ठ, मेटमणि चौधरी, शेरबहादुर कुँवर मन्त्री भए भने हिरा केसी स्वास्थ्य राज्यमन्त्री छन् । यसपछि चिसिएको झाँक्री र अध्यक्ष नेपालको सम्बन्ध सुध्रन सकेको छैन । बरु थप तिक्तता बढेको छ ।

झाँक्री मात्रै नभएर पूर्वप्रधानमन्त्री झलनाथ खनालले पनि पार्टी निर्णयप्रति असन्तुष्टि जनाउँदै आएका छन् । खनालले भने पार्टीको नीतिगत निर्णयप्रति असन्तुष्टि जनाउँदै आएका छन् । उनले मार्गदर्शक सिद्धान्तप्रति फरक मत राखेका थिए । अध्यक्ष नेपाल जनताको बहुदलीय जनवाद (जबज)कै पक्षमा छन् भने नेता खनालले भने अब समाजवादी कार्यक्रम ल्याउनुपर्ने पक्षमा छन् ।

अमेरिकी सहयोग परियोजना एमसीसीबारे त पार्टी निर्णय नै पालना गरेनन् । खनालले एमसीसीको विपक्षमा मतदान गरे । तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) कालमा पनि एमसीसीको विपक्षमा थिए । तर एकीकृत समाजवादीले व्याख्यात्मक टिप्पणी सहित एमसीसी अनुमोदनको पक्षमा उभिदा नेता खनालले भने बिमती जनाए ।

स्थानीय चुनावमा नेपाली कांग्रेस सहितको सत्ता गठबन्धन गर्ने निर्णयमा पनि उनको बिमती थियो । कांग्रेस सहितको गठबन्धन नभएर वाम गठबन्धन गर्नुपर्ने खनालको तर्क छ । स्रोतका अनुसार, खनाल निकट नेताहरु अहिले अध्यक्ष नेपालसँग असहमत छन् । झाँक्री पनि खनाल निकट नेता हुन् । यसले एकीकृत समाजवादीमा सैद्धान्तिक र संगठनात्मक संरचना पाइनसक्दै विभाजनको खतरा बढेर गएको छ ।

# सर्वोच्च फर्केलान् त चोलेन्द्र ?

**कान्ति न्यौपाने / मध्यान्ह**
काठमाडौं, २२ साउन ।

प्रधानन्यायाधीश चोलेन्द्रशमशेर राणाविरूद्धको महाअभियोगमाथि छानबिन गर्न संसदले सिफारिस समितिमा पठाएपछि उनी अदालत फर्किएलान् कि नफर्किएलान् भन्ने विषयले चर्चा पाएको छ । सत्ता गठबन्धनका ९८ सांसदले दर्ता गराएको उक्त महाअभियोग ५ महिनापछि प्रतिनिधिसभाबाट सिफारिस समितिमा पुगेपछि राणाको पुनरागमनबारेको चर्चा चुलिएको हो । तर, सत्ता गठबन्धन भने प्रधानन्यायाधीश राणालाई पुनः अदालत फर्काउने मनस्थितिमा देखिदैंन । अनि, महाअभियोग प्रस्ताव पास गर्न एमालेले साथ दिने अवस्था पनि छैन ।

सरकारले जबराविरुद्धको महाअभियोग टुंग्याउन आनाकानी गरेपनि प्रतिनिधिसभाको कार्यकाल समाप्त हुँदा उक्त सभामा दर्ता भएका सबै प्रस्ताव अन्त्य गर्नुपर्ने प्रचलन रहेको छ । किनभने, आगामी मंसिर ४ का लागि तोकिएको निर्वाचनपछि सबै नयाँ सांसद आउने हुँदा अघिल्लो कार्यकालमा दर्ता भएको प्रस्ताव आगामी अधिवेशनमा टुंग्याउन पनि उत्तिकै जटिल देखिन्छ ।

तर, सर्वोच्च अदालतका पूर्वन्यायाधीश बलराम केसी भने प्रतिनिधिसभा अन्त्य भए पनि राणाविरूद्ध महाअभियोगबारे छलफल जारी रहने दाबी गर्छन् । 'निर्वाचनबाट नयाँ प्रतिनिधिसभा आएपछि त्यसले राणाविरूद्ध महाअभियोग प्रस्तावलाई अघि बढाउनसक्छ, भारतमा पनि यो प्रक्रिया चलेको देखिन्छ,' उनी भन्छन् । साथै महाअभियोग लागिसकेका राणा पुन सर्वोच्च फिर्ता हुन नमिल्ने उनको तर्क छ ।

त्यस्तै, नेपाली कांग्रेसका नेता मिनेन्द्र रिजाल



सत्तारुढ ९८ सांसदले दर्ता गराएको चोलेन्द्र शमशेर जबरामाथिको महाअभियोग प्रस्ताव अगाडि बढेको छ । तर सत्तारुढसँग महाअभियोग पारित गराउन आवश्यक संख्या नभएकाले जबरा सर्वोच्च फर्कने सम्भावना पनि उत्तिकै देखिन्छ, जबकी सत्तारुढको चाहना उनलाई फेरि पदमा फर्काउने होइन ।

प्रधानन्यायाधीश जबरा सर्वोच्च फर्किने सम्भावना नभएको बताउँछन् । 'संसदमा बसेर न्यायालयमाथि औंला उठाइरहँदा संसदको प्रक्रियाबारे विश्वास जागृत गर्न सक्यौं कि सकेनौं ? संसदको विश्वसनीयतामाथि आस्था जागृत गर्न सक्यौं कि सकेनौं ? यदि दलहरूले जनतामा आस्था जागृत गर्न सकेनन् भने चोलेन्द्र शमशेर त फर्किएर नआउलान् तर यो लम्पट प्रवृत्तिबाट न्यायालय मुक्त हुन्छ कि हुँदैन ?' उनले भने । साथै उनले चोलेन्द्र शमशेर प्रवृत्तिको अन्त्य गरि न्यायालयको शुद्धीकरण गर्नुपर्ने पनि उनले बताएका छन् ।

तर, नेकपा एमालेका नेता महेश बस्नेतले भने महाअभियोग विचाराधीन रहेकै अवस्थामा जबराको कार्यकाल सक्ने षड्यन्त्र भइरहेको बताएका छन् । 'महाअभियोग प्रस्ताव दर्ता भएको ५ महिनापछि यो छलफल गरिरहेका छौं । यो छलफल पनि छिनोफानो हुने ढंगले होइन कि प्रधानन्यायाधीशको कार्यकाल मंसिर १४ गते सकिँदैछ । निर्वाचनको मिति सकिसकेको छ र आलटाल गर्नका लागि छानविन गर्ने र विचाराधीन रहेकै अवस्थामा उहाँको कार्यकाल सक्ने भन्ने षडयन्त्रका साथ छलफलमा आएको अनुभूति गर्न सकिन्छ' उनले भने ।

सरकारले सर्वोच्च अदालत निमित्त व्यक्तिबाट चलाएर त्यसलाई अप्रत्यक्ष ढंगले दवावमा राख्ने काम गरेको उनको आरोप छ । आगामी मंसिरसम्म कार्यकाल रहेका जबराको महाअभियोग प्रस्ताव पारित हुन दुईतिहाई मत आवश्यक पर्छ, तर एमालेले उक्त मत दिन समर्थन नजनाउने देखिएकाले प्रधान्यायाधीश जबरा पुन सर्वोच्च फर्किने सम्भावना पनि देखिन्छ । तर, सत्ता गठबन्धनले उनलाई फर्काउन चासो भने देखिएको छैन ।

# लोसपामा छटपटी

सत्ता सहयात्री फेरै हिडेको लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का नेताहरुले आइतबार पनि प्रधानमन्त्री शेरबहादुर देउवासँग भेटवार्ता गरेका छन् । तर यसअघि जस्तै यसपटकको भेटवार्ता पनि उपलब्धिमुलक बनेको देखिदैन ।

**मुकुन्द लामिछाने / मध्यान्ह**
काठमाडौं, २२ साउन ।

प्रधानमन्त्री शेरबहादुर देउवासँग आइतबार लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का नेताहरुले भेटवार्ता गरेका छन् । लोसपाका नेताहरुसँग प्रधानमन्त्री देउवाले बितेको एक वर्षदेखि भेटवार्ता हुँदै आएको छ । विशेषगरी लोसपाका अध्यक्ष महन्थ ठाकुरको पृष्ठभूमि नेपाली कांग्रेस हुनुको लाभ प्रधानमन्त्री देउवाले पाएको देखिन्छ ।



ठाकुरले जीवनको उर्वर समय कांग्रेस निर्माणमा खर्चिएका थिए । तर २०६४ सालको मधेश आन्दोलनसँगै अलग भएका ठाकुरले यसअघि नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई साथ दिएका थिए । ओलीलाई साथ दिएर प्रतिनिधिसभा विघटनको पक्षमा उभिएका ठाकुर सहित लोसपाका नेताहरुले लगत्तै किता

– बाँकी पृष्ठ २ मा

# पाराभेट दर्ताको अधिकार प्रदेशमा

प्रस्तावित विधेयकमा पाराभेट र ग्रामिण पशुसेवा कार्यकर्ताको दर्ता संघीय सरकार मातहतको संयन्त्रमा हुने व्यवस्था थियो । यसलाई बदलेर प्रतिनिधिसभाको कृषित तथा प्राकृतिक स्रोत समितिले तयार पारेको प्रतिवेदन आइतबार प्रतिनिधिसभामा टेबुल भएको छ ।

**शिवराज परियार / मध्यान्ह**
काठमाडौं, २२ साउन ।

पाराभेट र दर्ताको ग्रामिण पशुसेवा कार्यकर्ताको दर्ताको अधिकार प्रदेश सरकारले पाउने भएको छ । पाराभेट र ग्रामिण पशुसेवा कार्यकर्ताको दर्ता संघीय सरकार मातहतको संयन्त्रमा हुने गरी आएको प्रस्तावित विधेयकलाई बदलेर प्रतिनिधिसभाको कृषित तथा प्राकृतिक स्रोत समितिले तयार पारेको प्रतिवेदन आइतबार प्रतिनिधिसभामा टेबुल भएको छ । यो संगै पाराभेटको दर्ताको अधिकार प्रदेश सरकारले पाएको छ ।

प्रस्तुत विधेयकको प्रतिवेदनको दफा ९ मा नाम दर्ता गराउन दरखास्त दिने सम्बन्धी व्यवस्था छ । जहाँ मान्यता प्राप्त विश्वविद्यालय, शिक्षण संस्था, शैक्षिक परिषद्, शैक्षिक प्रतिष्ठानबाट अनुसूचीमा उल्लेख भए बमोजिमको योग्यता पूरा गरेका पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीले दर्ता किताबमा नाम दर्ता गराउन तोकिए बमोजिम दरखास्त दिनु पर्ने भनिएको छ ।

यो ऐन प्रारम्भ हुँदाका बखत पशु स्वास्थ्य तथा पशु सेवा व्यवसाय गरिरहेका अनुसूचीमा उल्लेख भए बमोजिमको योग्यता पूरा गरेका पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीले दर्ता किताबमा नाम दर्ता गराउन यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र उपदफा ९१० बमोजिम दरखास्त दिनु पर्नेछ।

नाम दर्ता गराउन दरखास्त दिने पशु स्वास्थ्य तथा पशु सेवाव्यवसायीले दरखास्तसाथ आफ्नो योग्यता सम्बन्धी तोकिए बमोजिम कागजात र दस्तुर संलग्न गर्नु पर्नेछ ।

दरखास्त पेश गर्ने प्रक्रिया, दरखास्त साथ पेश गर्नु पर्ने कागजात र दस्तुरका सम्बन्धमा प्रदेश कानूनमा छुट्टै व्यवस्था भएमा सोही बमोजिम हुने भनेर प्रदेशलाई अधिकार दिइएको छ ।

दरखास्त उपर प्रदेश कानून बमोजिम तोकिएको निकायले त्यसरी पेश भएको योग्यता सम्बन्धी प्रमाणपत्र र उपाधि मान्यता प्राप्त हो होइन र दरखास्त रीतपूर्वक छ छैन भन्ने कुरा समेत जाँचबुझ गरी प्रदेश कानूनले तोकेको अवधि भित्र दरखास्तवालाको नाम दर्ता किताबमा दर्ता गर्ने नगर्ने कुराको निर्णय गर्नु पर्नेछ।

कृषि तथा प्राकृतिक स्रोत समितिले संशोधन सहित यार पारेको विधेयकको प्रतिवेदन अनुसार प्रदेश सरकारको सम्बन्धित निकायले दरखास्तवालाको नाम दर्ता हुने निर्णय

– बाँकी पृष्ठ २ मा

# मलेसियाद्वारा कामदार भर्ना प्रक्रिया आधा महिना स्थगित

**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ साउन

मलेसियाले आगामी अगष्ट १५ देखि ३१ तारिख अर्थात साउन ३० गतेदेखि भदौ १५ गतेसम्म नेपालीसहित विदेशी कामदारको भर्ना प्रक्रिया स्थगन गर्ने बताएको छ । मलेसियाको मानव संशाधन मन्त्रालयले मलेसियाको श्रम कानूनमा गरिएको संशोधन कार्यान्वयन गर्न उक्त अवधिका लागि विदेशी श्रमिकका लागि आवेदन नलिने बताएको छ ।

मलेसियाको सरकारी सञ्चारमाध्यम बेर्नामाका अनुसार अगष्ट १४ सम्ममा दिइएका आवेदनहरु अगष्ट महिनाको ३१ तारेखभित्रमा एप्रुभल प्रक्रिया सक्ने र सेप्टेम्बर पहिलो तारेखदेखि नयाँ कानून अनुसारको विदेशी कामदार प्रक्रिया शुरूवात गरिने छ ।

मलेसियाले सेप्टेम्बर पहिलो तारेखदेखि गत अप्रिलमा संशोधन गरिएको रोजगार कानून २०२२ लागू हुने र त्यसले विदेशी कामदार भर्ना गर्दा नयाँ प्रक्रिया अवलम्बन गर्ने समाचारमा उल्लेख छ। नयाँ कानूनमा सुत्केरी बिदा ६० दिनबाट बढाएर ९८ दिन

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## अल अरेबिया सञ्चालकविरूद्ध करिब १ करोडको ठगी मुद्दा दायर

काठमाडौं / मस- वैदेशिक रोजगार विभागले अल अरेबिया ओभरसिज प्रा.लि.का सञ्चालकविरूद्ध ८७ लाख रूपैयाँ ठगीको अभियोगमा वैदेशिक रोजगार न्यायाधिकरणमा मुद्दा दायर गरेको छ। वैदेशिक रोजगारीका लागि पोल्याण्ड तथा चेक रिपब्लिक पठाउने भनी रकम लिएर नपठाई ठगी गरेको उजुरीका आधारमा वैदेशिक रोजगार ऐनको दफा ४४ अनुसार वैदेशिक रोजगार न्यायाधिकरणमा बिगो र पचास प्रतिशत हर्जना तथा कैद माग गर्दै ठगीको मुद्दा दायर गरेको बताएको छ।

विभागले इजाजत पत्र नम्बर ७४४/०६४/६५ भएको उक्त ओभरसिज प्रा.लि.का सञ्चालकहरू अमरबहादुर गुरूङ, मोहन प्रसाद चापागाईं र भरतबहादुर बुढाथोकीले यज्ञबहादुर सुनुवारलगायतबाट ५८ लाख

– बाँकी पृष्ठ २ मा


## मलेसियामा रोजगार

कम्पनी : ALPINE PIPE MANUFATURING SDN BHD
शहर : Malaysia, Selangor

पूर्व स्वीकृत मितिः २०७९/०४/२१ | चलानी नं.: ६०१८४५८४ | LT. No.: 268760

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 100 | 0 | स. काममा दक्ष | 1500 | ४२,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन ३० गते (15 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

SGMC
Gov. Lic No. 1219/074/075
SHERMAN GLOBAL MANAGEMENT CONSULTANTS PVT. LTD.
(साविक सुर्खेत ओभरसिज प्रा.लि)
Sinamangal-9, Kathmandu | Tel: 4573705, 4594457, Email: info@shermanconsultants.com/ hr@shermanconsultants.com



## Urgently Required

One of the reputed recruitment agency is seeking for following applicants.

Documentation Officer : 2 (M/F)
Public Relation Officer (PRO) : 2 (M/F)

Requirements:
Min.+2 passed, Excellent in computer knowledge, should have good knowledge in computer & experienced in the related fields.

Attractice salary for the deserving candidate.

*Interested candidates with experienced in the related field may apply their application with covering letter, updated CV and recent photograph to the following address.*
Prority will be given for manpower Experienced.

Alpha Sigma Overseas Pvt. Ltd.
Sinamangal -09, Kathmandu, Nepal
Phone: 01-4561946, 4561827 | Email: hralphasigma@gmail.com

# ‘समृद्ध नेपाल निर्माणमा प्रवासीको भूमिका महत्वपूर्ण हुन्छ’



काठमाडौं/मस- नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ ले समृद्ध मुलुक निर्माणको लागि विदेशमा रहेका नेपालीको भूमिका महत्वपूर्ण रहने बताएका छन् ।

‘समृद्ध नेपालको आधार, आर्थिक क्रान्तिमा प्रवासी नेपालीको सरोकार’ विषयक अन्तरक्रिया कार्यक्रमलाई आइतबार जापानको राजधानी टोकियोमा सम्बोधन गर्दै उनले आर्थिक समृद्धिका लागि आफूहरू प्रयत्नशील रहेको र विदेशिएका नेपालीलाई एक दिन स्वदेश फर्कनका लागि अपिल गर्ने दिनको प्रतिक्षामा आफू रहेको बताए ।

उनले नेपाली समुदायमा नकारात्मक प्रवृत्ति रहेको भन्दै त्यसलाई सकारात्मक नतिजामा परिणत गर्नुपर्नेमा जोड दिए । ‘हाम्रो समाजमा अहिले पनि नकारात्मक सोच राख्ने र नकारात्मक कुरा गर्दा रमाइलो मान्ने मानिस रहेका छन् ।’ उनले भने, ‘हिरोसिमामा बम हानेको ठाउँ मैले आज हेरें । यत्रो दुर्घटना र हत्या हुँदा जापानीको मनमा के होला ? मनोभावना कस्तो होला भनेर सोधें । तर जापानीहरूमा कुनै विद्वेष छैन । त्यो बेलाको परिस्थिति त्यस्तै थियो । अब हामीले मिहिनेत गरेर विकासमा केन्द्रित हुनुपर्छ भनियो ।’

पूर्वप्रधानमन्त्री दाहालले नेपालमा भने असाध्यै नकारात्मक सोच्ने मानिस रहेको भन्दै गुनासो गर्नुभयो । जापानीहरूले पुरानो पीडा भुलेर देशलाई विकासको गतिमा अघि लगिसकेको उल्लेख गर्दै उनले नेपालमा भने देशको निम्ति मर्छु भन्दा पनि सुख नपाइएको बताए ।

संविधान जारी भएपछि दोस्रो पटक गत वैशाखमा स्थानीय तहको निर्वाचन सम्पन्न भएको र आगामी मङ्सिरमा हुने सङ्घीय र प्रदेशसभाको निर्वाचनले मुलुकलाई स्थिरतातर्फ लैजाने उनको भनाइ छ । उनले हरेक क्षेत्रलाई अगाडि बढाउने मुख्य विषय नै राजनीति नै भएकाले मुलुकमा कसरी राजनीतिक स्थायित्व प्रदान गर्ने होला भन्ने बारेमा सामूहिक रुपमा प्रयत्न गर्नुपर्नेमा जोड दिए ।

विकास र समृद्धिका लागि सुशासन नै प्रमुख आधार रहेको भन्दै उनले त्यसका लागि सबैको साथ र सहयोग जरुरी रहेको बताए । अध्यक्ष दाहालले सुशासन कायम गर्नका लागि देशभित्र र देशबाहिर रहेका सबै नेपाली समुदायको साथ खोज्दै भने, ‘आफू दुई पटक प्रधानमन्त्री हुँदा भ्रष्टाचार भयो भनेर सुन्न परेन । यस आधारमा पनि म भन्न सक्छु, पहल गर्ने हो भने सुशासन सम्भव छ ।’

उनले आफ्नै पहलमा मध्यपहाडी लोकमार्ग, उत्तर दक्षिण करिडोर र ऊर्जा क्षेत्रमा दीर्घकालीन लक्ष्यका साथ अभियान अगाडि बढाइएको स्मरण गरे । उनले ऊर्जाको व्यापारमार्फत आर्थिक समृद्धिको मार्गमा अगाडि बढाउने लक्ष्यका काम अगाडि बढाइएको जानकारी दिए ।

## लोसपामा...

परिवर्तन गरे । ओली पदमुक्त भएर देउवा प्रधानमन्त्री हुँदा लोसपाका नेताहरुले कित्ता परिवर्तन गदै सत्तारुढ बने ।

गएको वर्ष ३ साउनमा लोसपाका सांसदहरुले देउवाले विश्वासको मत दिएका थिए । लोसपाले साथ दिएकै कारण देउवाले प्रधानमन्त्रीमा १६५ सांसदको समर्थन पाएका थिए । त्यसपछि लगतार लोसपाका नेताहरु प्रधानमन्त्री देउवासँग भेटवार्ता गरिरहेका छन् । तर सरकारमा सहभागी हुने र चुनावमा गठबन्धन गर्ने अवसर भने पाएका छैनन् ।

मधेश केन्द्रीत अर्का दल जनता समाजवादी पार्टी (जसपा) सरकारमा भएकाले प्रधानमन्त्री देउवासँगको भेटवार्ताले ठोस् रुप लिन सकेको छैन । गएको स्थानीय चुनावमै लोसपाले सत्ता गठबन्धनसँग तालमेल गर्न चाहन्थ्यो । तर जसपा गठबन्धनमा भएकाले त्यो प्रत्यास सफल हुन सकेन । प्रमुख प्रतिपक्षी दल नेकपा एमालेसँग केही स्थानीय तहमा गठबन्धन गरेपनि ०७४ जति पनि जित्न सकेन ।

फेरि सत्ता गठबन्धनले प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा गठबन्धन गर्ने निर्णय गरिसकेको छ । सिट बाँडफाँट गर्न कार्यदल नै बनाइसकेको छ । यस्तो बेलामा लोसपाका नेताहरुले प्रधानमन्त्री देउवासँग भेटवार्ता गरेका छन् । लोसपासँग सहकार्य गर्दा जसपा गुमाउनुपर्ने परिस्थितिसँग प्रधानमन्त्री देउवा सचेत देखिन्छन् । त्यसैले पनि निर्णयमा प्रधानमन्त्री देउवा पुग्न सकेका छैनन् ।

तर लोसपा बाहेकका दलहरुको मात्रै गठबन्धन गर्दा मधेश प्रदेशको नतिजा अर्कै हुन सक्छ । क्षति भने लोसपालाई पुग्न सक्छ। किनकि मधेश प्रदेशमा जसपा, कांग्रेस र माओवादी केन्द्रको प्रभाव राम्रो छ। अझ एकीकृत समाजवादीको पनि राम्रै उपस्थिति छ। तर तुलनात्मक कमजोर एमालेसँग गठबन्धन गरेर जाँदा ठूलो फाइदा लोसपालाई नपुग्न सक्छ । यो तथ्य बुझेर पनि लोसपासँग विकल्प भने साँघुरिएको छ ।

## पाराभेट...

गरेकोमा त्यस्तो दरखास्तवालाको नाम दर्ता किताबमा दर्ता गरी तोकिए बमोजिमको ढाँचामा दर्ताको प्रमाणपत्र दिनु पर्नेछ । दरखास्तवालाको नाम दर्ता नगर्ने निर्णय गरेकोमा प्रदेश कानूनले तोकेको कुनै निकायले त्यसको जानकारी दरखास्तावालालाई दिनु पर्नेछ ।

## मलेसियाद्वारा...

पुऱ्याइएको छ । गर्भवती कामदारलाई राजगारीबाट हटाउन प्रतिबन्ध लगाइएको छ भने महिला कामदार सुत्केरी भएको अवस्थामा पुरूष कामदारलाई पनि निश्चित अवधिका लागि तलबसहितको बिदा दिने जस्ता प्रावधान रहेका छन् ।

मलेसियाले आप्रवासी कामदारका सम्बन्धमा प्रयोग गरिरहेको फरेन वर्कर सेन्ट्रलाईज्ड म्यानेजमेन्ट सिष्टम (एफडब्लुसीएमएस) प्रणालीमा समस्या देखिएका कारणले विदेशी कामदारको भिसा प्रक्रियामा ढिलाइ भइरहेको छ । यस्तो अवस्थामा नयाँ कानून कार्यान्वयन गर्ने तयारीले मलेसियाको भिसा प्रक्रियामा थप ढिलाइ हुने कतिपयको चिन्ता छ ।

## अल...

रूपैयाँ र पासपोर्ट लिएको तर रोजगारीमा नपठाएको दाबीमा उनीहरूलाई ऐनको दफा ४४ अनुसारको कसुर गरेको पुष्टि भएको भन्दै न्यायाधिकरणमा ठगीको मुद्दा दायर गरेको हो ।

विभागले पीडितबाट ५८ लाख रूपैयाँ ठगी गरेको दाबीसहित त्यसको हर्जना ५० प्रतिशतले क्षतिपूर्तिसहित ८७ लाख असुल उपर हुनुपर्ने दाबी गरेको छ ।

ऐनको दफा ४४ मा म्यानपावर कम्पनीले विभागबाट स्वीकृति नलिई कामदार विदेश पठाए वा पठाउँछु भनी प्रलोभन दिई रकम उठाएमा लिएको रकम र त्यसको ५० प्रतिशत हर्जना भराई म्यानपावर कम्पनीको सञ्चालकलाई तीन लाख रूपैयाँदेखि पाँच लाख रूपैयाँ जरिवाना र तीन वर्षदेखि सात वर्ष कैद गरी इजाजतपत्र रद्द गर्ने व्यवस्था छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

**प्रकाशित मितिः २०७९/०४/२३**

यस कार्यालयमा मिति २०७३/१२/१० मा दर्ता भएको **प्रा.लि.नं. १६५९४७** को **कोन्वेनिएन्त भिल प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०४/२२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साउदीमा रोजगार** | १. कम्पनी : AL MEDID CONTRACTING EST. HAFEEZ AL MARRI
शहर : RIYADH

पूर्व स्वीकृत मितिः २०७९/०२/०९ | चलानी नं.: ६०१७९५६९ | LT. No.: 263414 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Worker | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३३,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Pan Road Machinery Driver | 3 | 0 | | 1800 | ५९,४०० | | | | | | | |
| 3. | Truck Driver | 10 | 0 | | 1800 | ५९,४०० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन ३० गते (15 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Gov. Lic. No. 709/064/065
**FAZAL INTERNATIONAL PVT. LTD.**
Sinamangal, Kathmandu Tel: 4481208, 4481209, Fax: 4481210

**कतारमा रोजगार** | कम्पनी : TELCON INTERNATIONAL WLL
शहर : DOHA

पूर्व स्वीकृत मितिः २०७९/०३/०९ | चलानी नं.:६०१८१५४३ | L.T. No.: 265567 | पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Engineer | 2 | 0 | सम्बन्धित काममा दक्ष | 4200 | १४४,३१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | General Technician | 9 | 0 | | 1300 | ४४,६६८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन ३० गते (15 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत नं. ७६५/०६५/०६६
**पुमोरी ओभरसिज प्रा. लि.**
सुविधानगर, तिनकुने, काठमाडौं । फोनः ४१११७०५, ४१११८४१, ४१११८८५
info@pumorioverseas.com, www.pumorioverseas.com

**कुवेतमा रोजगारको अवसर** | COMPANY : MMC CATERING CO..
City : KUWAIT

पुर्व स्वीकृत मितिः २०७९/०४/२२ | चलानी नं.: ६०१८४७५७ | LT. No.: 268961

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Asst Cook / Bakery & Pastry | 14 | 0 | सम्बन्धित काममा दक्ष | 140 | ५७,७६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Butchery | 5 | 0 | | 140 | ५७,७६२ | | | | | | | |
| 3. | Cleaner | 20 | 0 | | 110 | ४५,३८४ | | | | | | | |
| 4. | Food Production Worker | 20 | 0 | | 120 | ४९,५१० | | | | | | | |
| 5. | Waiter/waitress | 20 | 0 | | 130 | ५३,६३६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा २०७९ साउन ३० गते (15 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Rainbow Overseas Pvt. Ltd.**
Nepal Govt. Labour Lic No 352/ 059/060, Mitrapark-07, Chabahil KTM, Nepal
Phone : 01- 5910277 / 5910278, 9801199802 / 9801199803

**मलेसियामा रोजगार** | १. कम्पनी : SUPERIOR STONE INDUSTRIES SDN BHD
शहर: Malaysia

पूर्व स्वीकृत मितिः २०७९/०४/२२ | चलानी नं.: ६०१८४७६५ | LT. No.: 268861

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 10 | 0 | स. काममा दक्ष | 1500 | ४२,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी : TAIKO METALS RECYCLE SDN BHD | शहर: Malaysia
पूर्व स्वीकृत मितिः २०७९/०४/२१ | चलानी नं.: ६०१८४७६६ | LT. No.: 268798

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing | 20 | 0 | स. काममा दक्ष | 1500 | ४२,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

३. कम्पनी : F & C STEEL TECHNOLOGY (M) SDN BHD | शहर: Malaysia
पूर्व स्वीकृत मितिः २०७९/०४/२० | चलानी नं.: ६०१८४७६८ | LT. No.: 268633

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing | 20 | 0 | स. काममा दक्ष | 1500 | ४२,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

४. कम्पनी : TRANSMICRO TECHNOLOGY SDN.BHD. | शहर: Malaysia
पूर्व स्वीकृत मितिः २०७९/०४/२१ | चलानी नं.: ६०१८४७६७ | LT. No.: 268755

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing | 20 | 0 | स. काममा दक्ष | 1500 | ४२,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

५. कम्पनी : PENSIA PLASTIC INDUSTRIES SDN. BHD. | शहर: Malaysia
पूर्व स्वीकृत मितिः २०७९/०४/२१ | चलानी नं.: ६०१८४७६४ | LT. No.: 268842

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing | 30 | 0 | स. काममा दक्ष | 1500 | ४२,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन ३० गते (15 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ९३२/०६७/०६८
**रिलायन्स एच. आर. सोलुसन प्रा. लि.**
पो.ब.नं. ११५२४, टोखा १०,गोंगबु, काठमाडौं, फोनः ४९८०७६६, फ्याक्सः ४९८७५५५, ९८५११२७७२१

**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : YELLOW BUBBLE CAR WASH | शहरः RIYADH
पूर्व स्वीकृत मितिः २०७९/०४/२२ | चलानी नं.: ६०१८४७८० | LT. No.: 268899

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Vehicle Cleaning Agent | 4 | 0 | स. काममा दक्ष | 1000 | ३३,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन ३० गते (15 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Lic No.: 836/066/067
**बिराट ओभरसिज इन्टरनेशनल प्रा. लि.**
घर नं. २९, सिनामंगल-०९, काठमाडौं, फोनः ४११०९६०, ४११०९६२, डाइरेक्ट लाइन : ४११०७१२
Email: info@biratoverseas.com, biratoverseas2017@gmail.com | Url: www.biratoverseas.com

**कतार र मलेसियामा रोजगार** | १. कम्पनीः ALSHAYA
शहरः DOHA

पुर्व स्वीकृत मितिः २०७९/०४/२० | चलानी नं.: ६०१८४७६२ | L.T. No.: 268714

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | waiter | 2 | 0 | स. काममा दक्ष | 2450 | ८४,१८२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनीः SCOPE MANUFACTURERS (M) SDN BHD | शहरः Malaysia
पुर्व स्वीकृत मितिः २०७९/०४/२२ | चलानी नं.: ६०१८४७६१ | L.T. No.: 268903

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 250 | 0 | स. काममा दक्ष | 1500 | ४२,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन ३० गते (15 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं.: ८४१/०६६/०६७
**देवान कन्सल्ट्यान्ट्स प्रा.लि.**
पो.ब.नं. २१२२३, बत्तिसपुतली, गौशाला, काठमाडौं (क्यापिटल मर्चेन्ट बैकको ठिक पछाडी)
फोन: ०१-४४८२९०१, ४४८२९०२, ४४८२९०३,
Mobile No.: 9801247242, 9801247439 & 9801247222

**कतारमा रोजगारको अवसर** | कम्पनी : AL RUWAIS BEAUTY SALON WLL
शहरः DOHA

पूर्व स्वीकृत मिति : २०७९/०४/२२ | चलानी नं.: ६०१८४५५५ | L.T. No.: 268473

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician | 0 | 1 | स. काममा दक्ष | 1700 | ५८,४१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन ३० गते (15 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत नं. २८१/०५८/०५९
**स्टार रे ओभरसिज प्रा. लि.**
बागडोल, रिङ्गरोड, ललितपुर, पोष्ट बक्स नं. १२४८१, नेपाल, फोनः ५१९०१११, ५१९०११२, फ्याक्सः ५१९०११०
E-mail: starray281@gmail.com | Web: starrayoverseas.com.np

**मलेसियामा रोजगार** | कम्पनी : DG SECURITY SERVICES SDN BHD
शहर : MALAYSIA

पूर्व स्वीकृत मितिः २०७६/१०/२७ | चलानी नं.: ६०१५१४९२ | LT. No.: 268252

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 16 | 0 | स. काममा दक्ष | 1500 | ४२,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन ३० गते (15 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले दाताले | रु. १,५००/- कामदारले दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Koperasi International Pvt. Ltd.**
श्रम इजाजत नं. १२८७/०७४/०७५
Tokha-9, Gongabu, (Shiva Mandir), Kathmandu, Tell.: 01-6201229
Mob: 9851023473, 9860773210, 9849565069, Email: sarojoli208@gmail.com

**मलेशियामा रोजगार** | कम्पनी : SUMMERJOY SDN.BHD
शहरः MALAYSIA,

पूर्व स्वीकृत मितिः २०७९/०४/२१ | चलानी नं.: ६०१८४६२६ | LT. No.: 268676

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 150 | 0 | स. काममा दक्ष | 1500 | ४२,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन ३० गते (15 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ८१३/०६५/०६६
**पंगेनी ह्युमन रिसोर्स प्रा. लि.**
गोंगबु-५, सामाखुसी, काठमाडौं, नेपाल, फोनः ०१-४९८६६००/४९८६२०४
मो.: ९८१३३५६३८०
Email: pangeni813@gmail.com, Website: www.pangenihr.com

**QATARमा रोजगार** | १. कम्पनीः AL MAJID JAWAD
शहर : Doha

पूर्व स्वीकृत मितिः २०७९/०४/२२ | चलानी नं.: ६०१८४७६९ | LT. No.: 268908

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 3 | 0 | स. काममा दक्ष | 1400 | ४८,१०४ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | छ | २ वर्ष |
| 2. | LABOUR | 6 | 0 | | 1000 | ३४,३६० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन ३० गते (15 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ३९६/०६०/०६१
**सगुन ओभरसिज सर्भिसेज प्रा.लि. (सगुन होम)**
पो.ब.नं. ३२३, डिल्लीबजार, कालिकास्थान-३२, फोन : ४४१७५३०, ४४४०१४६, ४४१८५३२, ९८५१११३२२६
E-mail: sagunosp@wlink.com.np | sagun@mail.com.np

# स्तनपान कक्ष : कतै संरचनाविहीन कतै प्रयोगविहीन




**देउखुरी/रासस**-दाङ जिल्लाको घोराही उपमहानगरपालिका-१५ भरतपुरकी कविता शर्माको सात महिनाको बच्चा छ। पेशाले उनी शिक्षक बिहान १० देखि बेलुका ४ बजेसम्म विद्यालयमा व्यस्त हुन्छिन्। कार्यालयमा स्तनपान गराउने स्थान नभएका कारण बच्चालाई घरमै छाड्नुपर्छ। काममा हुँदा पनि उनको ध्यान बच्चातिरै हुन्छ। बच्चाले चाहेको समयमा दूध पनि खान पाउँदैन। उनी भन्छिन्, 'कार्यालयमा स्तनपान कक्ष भइदिएको भए बच्चालाई सँगै राखेर ढुक्कसँग काम गर्न सक्थें।'

घोराही उपमहानगरपालिका-१७ गैरागाउँकी शोभा रिजाल उपमहानगरपालिकाको कर्मचारी हुन्। उनले गएको वैशाखमा छोरीलाई जन्म दिइन्। साठी दिनको सुत्केरी बिदापछि उनी काममा जान थालिन्। उनी कार्यालयमा स्तनपान कक्ष नहुँदा बच्चा लिएर जान नसकेको बताउँछिन्। स्तनपान कक्ष आमा र बच्चाको अधिकार भए पनि त्यसलाई कार्यालयले महत्व नदिँदा आफूजस्ता आमाहरूलाई समस्या परेको उनको भनाइ छ।

विश्व स्वास्थ्य सङ्गठनका अनुसार बच्चाको स्वास्थ्य र जीवनरक्षाका लागि सबैभन्दा प्रभावकारी तरिकामध्ये एक स्तनपान हो। नवजात शिशुलाई छ महिनासम्म स्तनपान गराउन सिफारिस गरिएको छ। यद्यपि तीनमध्ये दुई शिशुले सिफारिस गरिएको छ महिनासम्मै स्तनपान गर्न पाउँदैनन्।

सरकारी, गैरसरकारी वा निजी सङ्घसंस्थाले कार्यालयमा कार्यरत महिलालाई शिशु जन्मेको दुई वर्षसम्म कार्यालय समयमा आमाको दूध खुवाउनका लागि आवश्यक व्यवस्था मिलाउनुपर्ने कुरा सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ मा उल्लेख छ। दाङ जिल्लाका केही कार्यालयमा पूर्वाधार बनाइएका पनि छन्। जिल्लाका प्रमुख कार्यालय अहिले नयाँ भौतिक संरचनासहित निर्माण भएका छन्। केही ठाउँमा त्यस्ता पूर्वाधार बन्ने अवस्थामा छन्। यद्यपि भएका स्तनपान कक्ष पनि प्रयोगमा आउन सकेका छैनन्। अधिकांश कार्यालयमा त स्तनपान कक्ष नै बनेका छैनन्। विश्व स्तनपान सप्ताह मनाइरहँदा बनाइएका संरचना पनि पूर्णरूपमा प्रयोगमा आउन नसकेको कार्यालयकै कर्मचारी बताउँछन्।

जिल्ला अदालत दाङका सूचना अधिकारी राजेन्द्रकुमार शर्माले अदालतको नयाँ भवनमा आमाका लागि स्तनपान कक्ष बनाइएको भए पनि प्रयोगमा आउन नसकेको बताउँछन्। आमाहरूले पनि स्तनपान कक्षको प्रयोग नगरेका हुँदा त्यसको थप व्यवस्थापन हुन नसकेको उनको भनाइ छ। अदालतमा निर्माण गरिएको स्तनपान कक्षमा ताला लगाइएको छ। कोठामा एउटा खाट राखिए पनि त्यसमा आवश्यक पर्ने सामग्री छैनन्। अन्यत्र प्रयोग गरेर थोत्रिएको सोफा कोठामा थुपारिएको छ। सूचना अधिकारी शर्मा भन्छन्, 'हामी सकेसम्म स्तनपान कक्षको प्रयोग होस् भन्ने चाहन्छौं तर त्यो प्रभावकारी हुनसकेको छैन। आमाहरूले बाहिरै खुलेआम दूध खुवाउने गर्नुहुन्छ। उहाँहरूलाई भन्न पनि अप्ठ्यारो लाग्दोरहेछ। हामीले पनि यसबारे जानकारी दिन सकेका छैनौं।'

जिल्लाका १० वटै पालिकामा स्तनपान कक्षसहितको सेवाका कुरा उठे पनि अझै धेरै ठाउँमा यो व्यवस्था लागू हुनसकेको छैन। घोराही उपमहानगरपालिकाले हालै कार्यालय परिसरमा बेग्लै संरचना निर्माण गरी स्तनपान कक्ष तयार गरेको छ तर त्यसको पूर्ण प्रयोग हुनसकेको छैन।

ग्रामीण क्षेत्रमा सार्वजनिक संस्था तथा कार्यालय पुरानै शैलीमा चलिआएका छन्, जसका कारण स्तनपान कक्षको महत्व अझै धेरैले बुझ्न नसकेको स्वास्थ्यकर्मीको भनाइ छ। स्वास्थ्य कार्यालय दाङका प्रमुख अङ्गदबहादुर शाही हरेक कार्यालय, सार्वजनिक निकायमा स्तनपान कक्ष अनिवार्य हुनुपर्ने मात्रै नभई यसको पूर्ण कार्यान्वयन हुनुपर्नेमा जोड दिन्छन्।

